F.N. 062-ADB/PTD/PWB/ 1915

नेपाल लाइफ
इन्स्योरेन्स कं. लि.

रजिष्टर्ड कार्यालय – मेनरोड, वीरगंज (पर्सा)
प्रधान कार्यालय – पो.ब.नं. ११०३०, हेरिटेज प्लाजा–१, कमलादी, काठमाडौं

# जीवन बीमालेख नं. ............................मा दुर्घटनाबाट मृत्यु वा अपाङ्ग/अशक्त/अंगभंग भएमा

## ऐच्छिक सुविधा दिने बारेको पूरक सम्झौता नं. .............

यस पूरक करारनामाको लागि बीमालेखमा उल्लेख भए बमोजिमको बीमाशुल्क बीमकलाई भुक्तानी दिइएको छ र बीमित जीवन बीमा प्रस्ताव फारममा उल्लेख गरेको पेशामा नै लागेको छ र उक्त प्रस्ताव फारममा उल्लेख गरिएको भन्दा अन्य कुनै खतरनाक (बढी जोखिमपूर्ण) उद्यममा लागेको छैन र यो पूरक करारनामा लागु अवस्थामा दुर्घटनाबाट शारीरिक चोटपटक लागेर १२० दिन भित्र बीमित दिनभित्र बीमित तपसिल बमोजिम अपाङ्ग/अशक्त भएमा वा १८३ दिन भित्र बीमित मृत्यु भएमा र यस्तो अपाङ्गता/अशक्तता वा मृत्यु अरु कुनै कारणबाट नभई दुर्घटनाबाट नै भएमा यस पूरक करारनामाको विशेष शर्त तथा सम्पुष्टिको अधिनमा रही निम्न बमोजिमको ऐच्छिक सुविधा बापत थप रकम भुक्तानी गरिनेछ ।

**दुर्घटना :**

यस पूरक करारनामा दुर्घटना भन्नाले "प्रत्यक्ष रुपले शारीरिक तथा बाहिरी, आँखाले स्पष्ट देख्न सकिने, सांघातिक, आकस्मिक र अप्रत्यासित घटना" भनी परिभाषित गरिएको छ ।

(क) दुर्घटना मृत्यु लाभ (Accidental Death Benefit - ADB)

दुर्घटनाको कारणबाट बीमितको दुर्घटना घटेको १८३ दिनभित्र मृत्यु भएमा बीमालेखको अनुसूचीमा उल्लेखित मुल बीमाङ्कको साथसाथै बीमितले यस सुविधाको लागि बीमाशुल्क भुक्तानी गरेको ऐच्छिक सुविधाको बीमाङ्क बराबर रकम दुर्घटना मृत्यु बापत भुक्तानी गरिने छ ।

(ख) पूर्ण स्थायी अशक्तता (Permanent Total Disability -PTD) सुविधा

यस पूरक करारमा परिभाषित दुर्घटनाको कारणबाट बीमितको दुर्घटना घटेको १२० दिनभित्र तपसिल बमोजिम बीमित शारीरिक रुपमा पूर्ण अपाङ्ग/अशक्त भएको प्रमाणित भएमा दुर्घटना पश्चात बीमालेखको वार्षिकोत्सव मितिदेखि थप ऐच्छिक सुविधाको बीमाङ्क रकम, मासिक १२० किस्तामा अपाङ्ग/अशक्त बीमितलाई भुक्तानी गरिने छ ।

अशक्तता सुविधा बापत मासिक किस्ताबन्दीमा बीमितलाई भुक्तानी गरिने रकम पूर्ण रुपले बीमितले उपभोग गर्न नपाउँदै कुनै पनि कारणबाट बीमितको मृत्यु भएमा किस्ताबन्दीमा भुक्तानी गर्न बाँकी रकम र मुल बीमालेखको रकम समेत एकमुष्ठ बीमालेखमा इच्छाएको व्यक्ति वा बीमा ऐन, २०४९ को दफा ३८ अन्तर्गतको नजिकको व्यक्तिलाई भुक्तानी गरिने छ ।

**पूर्ण स्थायी अशक्तता** (PTD) **को परिभाषा :**

१) दुवै आँखाको दृष्टि पूर्ण रुपले गुमेमा वा

२) नाडी वा सो भन्दा माथि दुवै हात काटिएमा वा सो को स्थायी उपयोगिता समाप्त भई काम नलाग्ने भएमा वा

३) गोली गाँठो वा सो भन्दा माथि देखि दुवै गोडा काटिएमा वा सो को स्थायी रुपमा उपयोगिता समाप्त भई काम नलागे भएमा वा

४) नाडी वा सो भन्दा माथि देखि एउटा हात र गोलीगाँठो वा सो भन्दा माथि देखि एउटा गोडा काटिएमा वा सो को स्थायी रुपमा उपयोगिता समाप्त भई काम नलाग्ने भएमा वा

५) एउटा आँखाको दृष्टि पूर्ण रुपले गुमी 'नाडी वा सो भन्दा माथिदेखी एउटा हात काटिएमा' वा

६) स्थायी रुपमा तपसिल बमोजिम दैनिक जीवनका ६ गतिविधि मध्ये कम्तिमा कुनै ४ वटा क्रियाकलाप कुनै यान्त्रिक उपकरण, विशेष उपकरण (Devices) वा अन्य साधन विना र अरु कसैको सहयोग समेत लिई गर्न असमर्थ भएमा पूर्ण स्थायी अशक्त भएको मानिनेछ ।

क) कपडा लगाउन (Dressing): सबै आवश्यक कपडा लगाउन वा फुकाल्न ।

ख) धुन (Washing): सफा सुग्घर र व्यक्तिगत स्वच्छताको एक पर्याप्त स्तर कायम राख्नको लागि धुन सक्ने क्षमता ।

ग) खान (Feeding): खाना पाके पछि वा तयार भए पछि खानाको प्लेट वा कचौराबाट मुखसम्म खाना लग्न सक्ने क्षमता ।

घ) शौच (Toileting): शौचालयको प्रयोग गर्न सक्ने अवस्था वा आफ्नो मलमुत्रको व्यवस्थापन गरी सन्तोषप्रद व्यक्तिगत स्वच्छता (Hygiene) राख्न सक्ने क्षमता ।

ङ) गतिशिलता (Mobility): घरभित्र समथर सतहमा एउटा कोठाबाट अर्को कोठामा आउन जान सक्ने क्षमता ।

च) स्थानान्तरण (Transfering): ओछ्यान (Bed) बाट सिधा कुर्सी वा ह्विल चेयरमा बस्न र सो को विपरित गर्न सक्ने क्षमता ।

पूर्ण स्थायी अशक्तताको पुष्टाईका लागि कम्पनीले आफ्नो कर्मचारी वा मान्यता प्राप्त चिकित्सक खटाई प्रमाणिकरण गर्न सक्नेछ ।

कुनै पनि समयमा गलत तरिकाबाट अपाङ्ग/अशक्त भएको प्रमाणित गराई उल्लेखित "ख" र "ग" अनुसारको ऐच्छिक सुविधा उपभोग गरेको प्रमाणित भएमा बीमालेख चालु राख्न भुक्तानी गर्नुपर्ने सम्पूर्ण बीमा शुल्क तथा ऐच्छिक उपभोग गरेको सुविधा रकम र प्रचलित ब्याज समेत एकमुष्ट भुक्तानी गर्न सूचित गरिने छ । सो रकम बीमकमा भुक्तान नभएमा बीमालेख समर्पण मूल्यको लागि योग्य भएमा बीमालेखको समर्पण मूल्यबाट गलत तरिकाबाट उपभोग भएको रकम तथा प्रचलित ब्याज समेत एकमुष्ट असुल उपर गरी कुनै समर्पण मूल्य रकम बढी भएमा बीमितलाई भुक्तान गरिने छ । समर्पण मूल्यका लागि बीमालेख योग्य भएमा ऐच्छिक सुविधा बापत उपभोग शुरु भएको मितिदेखि नै बीमालेख सम्बन्धी करार पूर्णरुपले रद्द भएको मानिने छ ।

ग) बीमा शुल्क छुट (Premium Waiver Benefit-PWB)सुविधा

यस करारमा परिभाषित दुर्घटनाको कारणबाट बीमित उपयुक्त दफा (ख) बमोजिम पूर्ण स्थायी रुपमा अपाङ्ग/अशक्त (PTD) भएको प्रमाणित भएमा दुर्घटना पश्चात बीमाको वार्षिकोत्सव मितिदेखि बीमालेख अन्तर्गतको तिर्न बाँकी सम्पूर्ण बीमाशुल्क भुक्तानीमा छुट प्रदान गरिने छ ।

घ) ऐच्छिक सुविधाको सिमाङ्कन निर्धारण

यस पूरक करार अन्तर्गत बीमालेखको अनुसूचीमा उल्लेखित ऐच्छिक सुविधाको लागि बीमितले बीमकलाई बीमाशुल्क भुक्तानी गरेको बीमाङ्क बराबर वा अधिकतम रु.१,००,००,०००/(अक्षरेपी एक करोड मात्र ) मध्ये जुन कम हुन्छ सो रकम मात्र भुक्तानी गरिने छ । साथै कुनै पनि कारणबाट बीमकको दायित्व ऐच्छिक सुविधाको सिमाङ्कन भन्दा बढी हुने छैन ।

# विशेष शर्तहरु

## १. पूरक करारनामा बीमालेखको एक अङ्ग :

यो पूरक करार बीमालेख जफत नहुने सम्बन्धमा बाहेक अन्य शर्तको अधिनमा रहने छ तर बीमालेख पुनर्जागरण नभएसम्म वा लाग्ने बीमाशुल्क भुक्तानी भई बीमालेख चालु नभएसम्म बीमालेखको पुनर्जागरणको शर्त अन्तर्गत यो पूरक करारनामा पुनः लागु हुने छैन ।

## २. स्वतः खारेज :

देहायको अवस्थामा यो पूरक करारनामा स्वतः रद्द भई यस बारे कुनै कारबाही हुने छैन ।

क) बीमालेख अन्तर्गत वा पूरक करारनामा अन्तर्गत तिर्नु पर्ने बीमाशुल्क नतिरेमा वा

ख) बीमालेख चालु नरही चुक्ता अवस्थामा बदलिएमा वा अन्य कारणले खारेज भएमा वा

ग) बीमित युद्ध (घोषित वा अघोषित) कुनै पनि मुलुकको स्थलसेना, जलसेना वा वायुसेनाको सदस्य भएमा ।

घ) बीमित युद्ध (घोषित वा अघोषित) कुनै पनि मुलुकको स्थलसेना, जलसेना वा वायुसेनासँग काम गरिरहेको कुनै सहायक वा युद्धमा भाग नलिने निजामती एकाईको सदस्य भएमा ।

ङ) बीमितको बीमालेखको बीमा अवधि समाप्ति भएमा ।

## ३. रद्द :

बीमित वा बीमकले लिखित सूचना गरेमा बीमालेखको कुनै पनि बार्षिकोत्सव मिति (बीमा शुरु भएको) मा पूरक करार रद्द गर्न सकिनेछ । यसरी रद्द गर्दा सम्पुष्टि (Endorsement) को लागि बीमालेख तथा पूरक करारनामा कम्पनीमा पेश गर्नु पर्नेछ ।

## ४. बीमाशुल्क :

यो पूरक करारनामा रद्द वा खारेज भएमा यसको लागि लाग्ने थप बीमाशुल्क तिर्नु पर्दैन ।

## ५. नपर्ने जोखिमहरु :

यदि प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा निम्न लिखित जुनसुकै कारणबाट बीमितको मृत्यु वा अपाङ्ग रअशक्त भएमा यो पूरक करारनामा लागू हुने छैन ।

क) आत्महत्या गरेमा, जानी जानी आफैं घात (जैविक, रासायनिक वा विषाक्त पदार्थको सेवनबाट भएको घात समेत) वा मादक पदार्थ सेवन गरी आत्महत्या वा स्वयं घात गरेमा वा पागल भई वा नभई घात गरेमा ।

ख) मादक पदार्थ अथवा कुनै पनि प्रकारको लागु पदार्थ सेवन गरी भएको दुर्घटनाबाट पर्न जाने क्षति ।

ग) अनुमति प्राप्त हवाई उडानको चालक वा चालक दलको सदस्य (Crew Member/Pilot) को रुपमा कार्यरत भएमा जुनसुकै प्रकारको हवाई उडानसँग सम्बन्धित दुर्घटनाको कारणबाट बीमितको मृत्यु तथा अपाङ्ग/अशक्त भएमा । तर हवाई उडानको चालक वा चालक दलको सदस्य (Pilot /Crew Member) को रुपमा कार्यरत व्यक्तिको हवाई दुर्घटनादेखि बाहेक अन्य कारणबाट भएको दुर्घटनाको परिणाम स्वरुप भएको मृत्यु र अपाङ्ग/अशक्तता सुविधा उपभोग गर्न बाधा पुग्ने छैन ।

घ) कुनै घोषित वा अघोषित युद्ध जस्ता कार्यहरु हुलदङ्गा, नागरिक अशान्ति, विद्रोह, आक्रमण, ज्यान मार्ने, मानव जीवन रक्षाका लागि बाहेक अनावश्यक जोखिम लिई गरिने कार्यहरु, मनोरन्जनात्मक गतिबिधि जस्तै बन्जी जम्पिङ्ग, प्याराजम्प, माउन्टेनरिङ्ग, दौड आदि इत्यादि जस्ता जोखिमयुक्त कार्यहरु गरेमा ।

ङ) जङ्गी वा निजामती कानुन उल्लङ्घन गरी अपाङ्ग वा मृत्यु भएमा ।

च) कुनै पनि देशको सेनामा कार्यरत भई कुनै पनि घोषित वा अघोषित युद्ध आदिबाट हुन सक्ने क्षति ।

## ६. पेशा परिवर्तन :

यदि बीमितले प्रस्ताव फारममा उल्लेख गरेको पेशा परिवर्तन गरेमा वा प्रस्ताव फारममा उल्लेख गरेको भन्दा अन्य जोखिमपूर्ण उद्यम शुरु गरेमा सो कुराको अनिवार्य रुपले लिखित खबर कम्पनीलाई अविलम्ब दिनु पर्नेछ र सो को आधारमा यस पूरक करारनामा अन्तर्गत लाग्ने बीमा शुल्कको पुनः निर्धारण गरिने छ । यदि लिखित जानकारी नदिइकन बढी जोखिमपूर्ण कार्यमा लागेको कुरा सिद्ध भएमा यो पूरक सम्झौताको सुविधाबाट बन्चित हुनेछ ।

## ७. दावी सूचना :

कम्पनीलाई यथासम्भव चाँडो लिखित सूचना दिनु पर्नेछ । दुर्घटनाबाट भएको मृत्युको सूचना सकेसम्म ९० दिन भित्रमा दिनुपर्नेछ अन्यथा सो को कारण खुलाई निवेदन दिनुपर्नेछ । बीमितको मृत्यु भएको खण्डमा शव परीक्षण प्रतिवेदन (पोष्टमार्टम रिपोर्ट) वा घटनास्थलको प्रकृति जाँच मुचुल्का सहितको प्रहरी अनुसन्धान प्रतिवेदन बीमक समक्ष अनिवार्य पेश गर्नु पर्नेछ ।

मिति ........................................

आधिकारिक हस्ताक्षार ........................................